# केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन


नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२

प्रमाणीकरण र प्रकाशन मिति
२०७२।११।१३

संवत् २०७२ को ऐन नं १७

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः प्रचलित नेपाल ऐनमा नेपालको संविधानसँग तादात्म्यता नरहेका व्यवस्था र अन्य केही विषयहरुमा समेत समसामयिक सुधार गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२" रहेको छ ।

(२) यो ऐनको दफा ........ नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मिति देखि र अन्य दफा तथा उपदफाहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

..........................................................................................

२५. हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधनः हातहतियार खरखजाना ऐन, २०१९ को,-

(१) दफा ५ को उपदफा (२) मा रहेका "प्रमुख जिल्ला अधिकारीको छेउ बुझाइ दिनु पर्छ" भन्ने शब्दहरुको सट्टा "मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ६ को उपदफा (२) मा रहेका "प्रमुख जिल्ला अधिकारीको छेउ बुझाइ दिनु पर्छ" भन्ने शब्दहरुको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सट्टा "मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १६ मा रहेका "सो कसूर सावित गर्ने प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरुको सट्टा "मुद्दा हेर्ने अधिकारीले" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा २० को,-

(क) उपदफा (२) मा रहेका "३ वर्षदेखि ५ वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "छ महिनादेखि एक वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका "एक वर्षदेखि तीन वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "तीन महिनादेखि नौ महिनासम्म" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २१ को,-

(क) उपदफा (१) मा रहेका "१ वर्षदेखि ३ वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "तीन महिनादेखि नौ महिनासम्म" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "छ महिनादेखि १ वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "दुई महिनादेखि छ महिनासम्म" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छः-

"२४. <u>मुद्दा हेर्ने अधिकारी</u>ः (१) दफा २० को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(३) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय